# बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### शिक्षा शाखा
बलेफी, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७४/०७

च.नं. :- ०६

मिति:-२०७४/११/१८

विषय :- आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन सम्वन्धमा ।

श्री,

बलेफी गाउँपालिका अन्तर्गतका आधारभूत तह सञ्चालन भएका सम्पूर्ण विद्यालयहरु ।

उपरोक्त सम्बन्धमा मिति २०७४/११/१८ गते बसेको गाउँ शिक्षा समितिको वैठकले यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा आधारभूत तहको परीक्षा मिति २०७४/१२/०१ देखि मिति २०७४/१२/०९ सम्म सञ्चालन हुने भनी निर्णय गरेको र मिति २०७४/११/१८ गतेकै दिन आधारभूत तह उत्तीर्ण परीक्षा समितिको वैठकले देहाय बमोजिमको परीक्षा तालिका अनुसार परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हुँदा सोही बमोजिम परीक्षा सञ्चानलन गर्न/गराउन हुन यस गाउँपालिका अन्तर्गतका आधारभूत तह सञ्चालन भएका सम्पूर्ण विचालयहरुलाई अनुरोध छ ।

तपसिल:

परीक्षा केन्द्र: सम्बन्धित विद्यालय

परीक्षा शुरु हुने समय:- विहान ११:३०

| मिति | विषय | कैफियत |
|---|---|---|
| २०७४/१२/०१ | अनिवार्य अङ्ग्रेजी | |
| २०७४/१२/०२ | अनिवार्य नेपाली | |
| २०७४/१२/०३ | शनिवार | |
| २०७४/१२/०४ | अनिवार्य गणित | |
| २०७४/१२/०५ | अनिवार्य विज्ञान तथा वातावरण | |
| २०७४/१२/०६ | अनिवार्य सामाजिक तथा जनसङ्ख्या | |
| २०७४/१२/०७ | पेशा,व्यवसाय तथा प्रविधि | |
| २०७४/१२/०८ | कम्प्युटर | |
| २०७४/१२/०९ | स्वास्थ्य शारिरीक तथा नैतिक शिक्षा | |

द्रश्टव्य:-

१. ईच्छाधिन विषयमा माथि उल्लेख भएको भन्दा फरक विषय पठनपाठन गरेको विद्यालयले आफैले प्रश्नपत्र निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्ने र सो दिनको परीक्षा सकिएको भोलिपल्ट प्रश्नपत्र, उत्तरपुस्तिका र परीक्षार्थी हाजिरी सहित शिक्षा शाखा,बलेफी गाउँकार्यपालिकाको कार्यालयमा ल्याउनुपर्ने ।

२.मिति २०७४/११/३० गते प्रश्नपत्र लिन आउनुहुँदा संस्थागत विद्यालयले प्रति विद्यार्थी रु ४०० को दरले परीक्षा शुल्क अनिवार्य रुपमा लिएर आउनुपर्ने ।

३.आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालनको केन्द्राध्यक्ष सम्बन्धित विद्यालयको प्रधानाध्यापक हुने र परीक्षा सञ्चालन सम्बन्धी सम्पूर्ण आचारसंहिता लागू गर्ने/गराउने सम्बन्धमा केन्द्राध्यक्ष नै प्रमुख जिम्मेवार रहने ।

४.आधारभूत तह उत्तीर्ण परीक्षाको उत्तरपुस्तिका शिक्षा शाखा, बलेफी गाउँकार्यपालिकाको कार्यालयमा संकलन गरी परीक्षण गरिने निर्णय भएको हुँदा प्रत्येक विषयको परीक्षा सकिएको भोलिपल्ट अघिल्लो दिनको उत्तर पुस्तिका, परीक्षार्थी हाजिरी सहित सम्वन्धित विषय शिक्षक यस गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा शाखामा उपस्थित हुनुपर्ने ।

६. नतिजा प्रकाशन पनि शिक्षा शाखा, बलेफी गाउँ कार्यापालिकाद्वारा नै गरिने ।

५.अनिवार्य पाँच विषयरु अङ्ग्रेजी, नेपाली, गणित, विज्ञान, सामाजिक तथा जनसङ्ख्याको ग्रेड बृद्धि सम्बन्धी परीक्षा (न्यूनतम D+ वा सो भन्दा कम ल्याएका विद्यार्थीहरुको निम्ति) मिति २०७४ चैत्र महिनाको क्रमश: २५, २६, २७, २८ र २९ गते सञ्चालन हुने ।

आधारभूत तह उत्तीर्ण परीक्षा समिति

(शिक्षा शाखा, बलेफी गाउँ कार्यापालिकाको कार्यालय)